**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratcekdaily.com

**जनहितमा जारी सन्देश**

- अहिले वर्षाको बेला छ। विभिन्न कीरा–फटयाङ्ग्रा तथा लामखुट्टे जन्मने बेला हो ।
- पर्सा जिल्लामा लामखुट्टेजन्य जापानी इन्सेफ्लाइटिसबाट एकजनाको मृत्यु भएको छ ।
- हिलो, फोहर भयो भने लामखुट्टे हुर्कन्छ, समयमै चेत गरौं, घर–शहर सफा राखौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ३१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 16 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०

## बहुदरमाई–वीरगंज जोड्ने गण्डक पुलको पाया भाँसियो पुलबाट सवारीसाधन र मानिसहरूको आवतजावतमा रोक

प्रस, वीरगज, ३० भदौ/

बहुदरमाई नगरपालिका–वीरगंज महानगरपालिका जोड्ने गण्डक नहरको पुलको पिलर शनिवार रातिदेखि चर्किएर पुल ढल्ने अवस्थामा पुगेको छ ।



सो पुलको अवस्था जीर्ण भएकाले यस अघि पुलबाट सवारीसाधन आवतजावतमा रोक लगाइएको थियो । हिजोदेखि मानिसहरूको आवतजावतमा पनि रोक लागेपछि स्थानीयहरू पुल मुनि खोला तरेर आवतजावत गरिरहेका छन् ।

पुलको अवस्थाबारेमा जानकारी लिन आइतवार प्रदेशसभा सदस्य श्याम पटेल, पूर्वनगरप्रमुख नितेन्द्र साह, नारायणी सिंचाइ डिभिजन कार्यालयका प्रमुख मनोद पटेल, विन्ध्यवासिनी कोइलाभार साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष रिजवानलु हक, गण्डक नहरका प्राविधिक टोली घटनास्थलको अवलोकन गर्न पुगेका थिए ।

नारायणी सिंचाइका प्रमुख पटेलले आफ्नो तहबाट यसबारेमा लिखित जानकारी गराएको बताए । उनले हिजोदेखि पुलको अवस्था गम्भीर भएको र पुल भास्सिएको खण्डमा थप समस्या सृजना हुने बताए । पुलको उत्तरतर्फ गण्डक नहरको क्यानल रहेको र पुल त्यसतर्फ खसेको खण्डमा गण्डक नहरलाई ठूलो क्षति हुने र किसानहरूलाई पानीको समस्या सिर्जना हुने बताए ।

प्रदेशसभा सदस्य पटेलले सूचना पाएपछि आफू यसबारेमा चिन्तित भएको र सम्बन्धित निकायको ध्यानाकर्षण गराएको बताए । उनले पुलबाट मानिसहरूको पनि आवतजावत हाल रोकिएको र सवारीसाधनहरू केही समयदेखि सञ्चालनमा रोक लागेको बताए । गण्डक नहरको रेखदेखका सो सडक निर्माण गरिएको थियो । सडकमा निर्मित पुल लगभग पाँच दशक बढी भइसकेको प्राविधिकहरूले बताए ।

गण्डक नहरको रेखदेखका लागि बनेको सो सडकखण्डमा पछिल्लो समय ग्रामीण क्षेत्रसम्म जाने साना तथा ठूला सवारीसाधनहरू सञ्चालनमा थिए । जसले गर्दा गण्डक नहरको सडकसँगै पुलको अवस्था पनि बिग्रिएको हो । भारत सरकारले सन् १९७३ मा गण्डक नहर बनाएर नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । नारायणी सिंचाइ डिभिजन कार्यालय गण्डकका इन्जिनीयर सुरेश साहले भारतको सीमा पर्साको जानकीटोलादेखि रौतहटसम्म २३ वटा पुल छन् ।

सामान्यतया गण्डक नहरको पुलको आयु पचास वर्ष तोकिएकोमा अहिले ५१ वर्ष पुगिसकेकोले अघिकांश पुलहरू जोखिमा छन् । उनले म्याद सकिएका पुलहरू मर्मतसम्भारका आधारमा धेरै दिन टिक्न नसक्ने बताए । गण्डक नहरमा रहेका पुलहरू नै पर्सा, बारा र रौतहट उतिखेर पक्की पुलका रूपमा थिए । खोलाहरूमा पक्की पुल थिएन र कतिपय खोलामा काठे पुल मात्र थियो । अहिले धेरैजसो खोलाहरूमा पक्की पुल निर्माण भएका छन । तर पनि गण्डक नहर भएर पर्सा, बारा र रौतहटका विभिन्न स्थानहरूमा आवतजावत गर्न सुविधा छ ।

इन्जिनीयर साहले बहुदरमाई–वीरगंज जोडने पुलको यो अवस्था भएपछि अन्य पुलहरूमा पनि सवारीसाधनहरूको आवतजावतमा रोक लगाउनुपर्ने बताए । यसो नगर्दा पछि समस्या आइपर्ने उनको भनाइ छ ।

## धोबिनीवासीद्वारा प्रधानमन्त्रीलाई ज्ञापन गाउँमा सेवा केन्द्र विस्तार नहुँदा समस्या

प्रस, वीरगंज, ३० भदौ/

पर्सा जिल्ला धोबिनी गाउँपालिकाका स्थानीयवासीले आइतवार जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन् ।

प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनमा सङ्घीयता लागू भएर स्थानीय तहमा विभिन्न सरकारी कार्यालयहरू गाभिए पनि जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयहरू भने वीरगंजकेन्द्रित रहँदा दूरदरार गाउँबाट सेवा लिन आएकाहरू समस्या पर्ने उल्लेख छ ।

ज्ञापनमा नागरिकताका लागि इलाका प्रशासन कार्यालयका साथै भूमिसुधार तथा मालपोत, मेन्टेनेन्स नापी कार्यालयहरू गाउँ केन्द्रित गरिनुपर्ने बताइएको छ । सानो कामको लागि पनि वीरगंज आउँदा समयमा काम नहुने समस्याले आर्थिक भार धान्न नसक्नेहरूलाई झनै बढी समस्या हुने गरेको भन्दै ती कार्यालयहरूका सेवा केन्द्र पालिकास्तरमा पुऱ्याउन माग गरिएको छ ।

धोबिनीका ललन कुर्मीले असह्य भएपछि विरोधमा उत्रनुपरेको बताए । उनले स्थानीयवासीहरूको समस्यालाई तीनै तहका जनप्रतिनिधिहरूले गम्भीरतापूर्वक नलिएका कारण आफूहरूले समस्या भोग्नुपरेको दुःखेसो पोखे । अहिले प्रदेशमा दुई र केन्द्रमा तीनजना मन्त्री छन्, पर्सा जिल्लाबाट । विगतमा उनीहरूले पनि सेवा केन्द्र स्थापनाका लागि आवाज उठाएका थिए अहिले पदमा रहँदा उनीहरूले किन यो सेवा जनतासम्म पुऱ्याउने काम गर्न सकेका छैनन्, कुर्मीले भने ।

सामान्य अवस्थामा एक दिनको वीरगंज बसाइमा पाँच सय खर्च हुन्छ । सबैजनाको काम एकै दिनमा हुँदैन पनि यस कारण पनि घूसखोरी र सिफारिश गर्ने प्रक्रिया वृद्धि भएको उनको बुझाइ छ । सबैले समानरूपमा सहज तरीकाबाट सेवा पाउने हो भने यस प्रकारका विकास मौलाउँदैन थियो कुर्मीले भने । ज्ञापनपत्र बुझ्दै सप्रजिअ सानुबाबू अधिकारीले प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र आजै पठाउने बताए । उनले सरोकारवाला निकायमा पनि आफ्नो तहबाट यो कुराको उठान गर्ने र तपाईंहरू पनि आफ्नो तहबाट लागिरहन सुझाए ।

कार्यक्रममा अजय पटेल, वीरबहादुर कुर्मी, मेराज अहमदलगायतको सहभागिता थियो ।

## नयाँ बसपार्क निर्माण भएको दुई वर्षमा पनि सञ्चालनमा आएन

नितेश कर्ण, वीरगंज, ३० भदौ/

सर्लाही सदरमुकाम मलङ्वा नगरपालिकामा करोडौंको लगानीमा सुविधासम्पन्न बसपार्क निर्माण भएपनि सञ्चालनमा आउन सकेको छैन ।

मलङ्वा नगरपालिका–२ मा नयाँ बसपार्क कृषि विकास बैंकको जग्गामा छ । पानी पर्दा हिलाम्य र सुक्खायाममा धूलाम्य हुने गरेको कारण यो क्षेत्रबाट बस सञ्चालन हुँदा यात्रीहरूलाई पनि समस्या छ ।

यसका साथै बजार क्षेत्रमा भएकोले



बसपार्क निर्माण भएको दुई वर्ष बितिसक्यो तर अहिलेसम्म सञ्चालनमा आउन भने सकेको छैन । बस व्यवसायीहरूले नयाँ बसपार्कको निर्माण अपायक स्थानमा भएकोले सो स्थानमा बस सञ्चालन गर्दा समस्या हुने बताएका छन् ।

बस व्यवसायी सङ्घका प्रतिनिधि दीपलाल महतोले बसपार्क स्थानीय व्यवसायीहरूसँग रायसल्लाह नगरी निर्माण भएको र अपायक स्थान परेकोले त्यहाँबाट बस सञ्चालन हुन नसकेको बताए । उनले सो स्थानबाहेक रायसल्लाहमा अर्को स्थानमा बसपार्क निर्माण भएको भए सहज सञ्चालन गर्न सकिने बताए ।

पुरानो बसपार्क रहेको बजार क्षेत्रभन्दा नयाँ बसपार्क करीब डेढ किलोमिटरको दूरीमा छ । जिल्ला प्रहरी कार्यालय छेउमैं बनाइएकोले सुरक्षाको राम्रो प्रबन्ध हुन सक्ने भएपनि बस सञ्चालन नहुँदा समस्या भएको स्थानीय व्यवसायी महेश यादव बताउँछन् । पुरानो बेलाकुबेला सवारीसाधनको जाम लाग्ने गरेको छ । बस सञ्चालकहरू भने पुरानो चल्तीको क्षेत्र छाडेर नयाँ क्षेत्रमा जाँदा यात्रु नभेटिने भयले ग्रसित छन् । मलङ्वा यातायात प्रालिका एकजना व्यावसायीले यस्तै गुनासो पोखे । उनले नयाँ बसपार्कमा यात्रु नपाइने समस्या हुन सक्छ, त्यसैले हामी व्यवसायीहरू त्यँहाँ जान नमानेका हौं । यसबारेमा नगरपालिकाले कैंयनपटक बैठक बसी सकेको छ तर थोरै सङ्ख्यामा मात्र बसहरू नयाँ बसपार्कबाट सञ्चालन भएका छन् ।

अधिकांश बस अहिले पनि सञ्चालनमा आउन सकेका छैनन् । मलङ्वा नपाका प्रमुख प्रशासकिय अधिकृत होमनाथ सुवेदीले नयाँ बसपार्क सञ्चालनका लागि नपाले छिट्टै ठोस निर्णय गर्ने बताए । उनले सुविधासम्पन्न बसपार्क निर्माण भएपछि सोही स्थानबाट सबै खाले सवारीसाधन सञ्चालन व्यवस्थापनको कार्य गरिने बताए ।

## नगरप्रमुखका आश्वासनपछि कर्मचारी आन्दोलन स्थगित

प्रस, वीरगज, ३० भदौ/

स्थानीय तह कर्मचारी सङ्घ वीरगंज महानगरपालिका कार्यालय एकाइ र नगरप्रमुख राजेशमान सिंहबीच आइतवार भएका छलफलले सार्थकता पाएसँगै आजदेखि घोषित आन्दोलनका कार्यक्रमहरू स्थगित भएका छन् ।




भदौ २६ गते भेला गरेर कर्मचारीहरूको तलब, उपदान, करार सेवा अवधि थप, बढुवा, स्तरवृद्धिलगायतका मागहरू अघि सार्दै प्रमुख प्रशासकीय अधिकृतलाई तीन दिने अल्टिमेटम दिएका थिए । सो अल्टिमेटम अनुसार नगरप्रमुख सिंहले आज बिहान कर्मचारीहरूसँग बैठक गरी उनीहरूको माग एक साताभित्र सम्बोधन गरिने आश्वासन दिएपछि आजदेखि घोषित आन्दोलन तत्कालका लागि स्थगन गरिएको स्थानीय तह कर्मचारी सङ्घ वीरगंज महानगरपालिका कार्यालय एकाइका अध्यक्ष मुकेश गुप्ताले ब ताए ।

उनले कर्मचारीहरूले गत साउनदेखि तलब नपाएको, दशैंलगायतका पर्व नजीकिएको र डेढ वर्षदेखि सेवानिवृत्त कर्मचारीहरूले उपदानबापतको रकम नपाएकालगायतका समस्याहरूबारे ध्यानाकर्षण भएको भन्दै नगरप्रमुख सिंहले साउन, भदौ र दशैंबापतको खर्च कर्मचारीलाई एक साताभित्र उपलब्ध गराउने, सेवानिवृत्त कर्मचारीहरूका बाँकी उपदान रकम दशैंपछि दीपावलीअगावै दिने र अन्य मागहरूका बारेमा पनि बिस्तारै सम्बोधन हुने आश्वासन दिएपछि आन्दोलन स्थगित भएको अध्यक्ष गुप्ताले बताए ।

महानगरले सेवानिवृत्त २८ जना कर्मचारीका करीब १४ करोड भुक्तानी दिन बाँकी छ भने मासिक कर्मचारी तलब पौने दुई करोडको हाराहारीमा छ । यसको अलावा करार र दैनिक ज्यालादारी कर्मचारीहरू गरी तीन सयजनाको जेठ महीनादेखि तलब दिन सकेको छैन ।

महानगरको नगरसभा असार ८ गते सम्पन्न भए पनि नगरस्तरीय र वडास्तरीय योजनाहरूको वर्गीकरण गरेर खर्च नतोकिएको कारण अहिलेसम्म महानगरको खाता सञ्चालन हुन सकेको छैन । खाता सञ्चालन नभएको कारण अहिले महानगरको आर्थिक कारोबार ठप्प छ । साउनदेखि नै खाता सञ्चालन हुनुपर्नेमा नगरप्रमुख, उपप्रमुख र वडाध्यक्षहरूबीच सहकार्य नहुँदा खाता सञ्चालनमा ढिला भएको एकजना कर्मचारीले बताए । अहिले कुरा मिलिसकेको र आजभोलिमा खाता सञ्चालन हुने ती कर्मचारीले जानकारी गराए ।

## विचारसार र सूक्तिहरू

सम्पत्ति हुँदा शत्रु बढ्छन् नहुँदा आफन्त घट्छन्। धन देखे नाता जोड्छन्, गरीब देखे साथ छोड्छन्।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## शान्तिपूर्ण बाटो उत्तम

**उत्तर कोरियाली नेता किम जोङ उनले रूस भ्रमणका क्रममा सुरक्षा प्रमुख सर्गेइ शोइगुसँग वार्ता गरेपछि रूससँगको सम्बन्धलाई प्रगाढ बनाउने प्रतिबद्धता जनाएका छन्। किमले रूससँगको सैन्य सम्बन्धलाई अझ बलियो बनाउने आश्वासन दिएका छन्। पश्चिमी शक्तिहरूले यस अघिदेखि नै उत्तर कोरियाले युक्रेनी युद्धमा रूसलाई हतियार बेचेको आरोप लगाउँदै आएका छन्। रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले गत जूनमा प्योङयाङको भ्रमणको क्रममा किमसँग आपसी रक्षा सम्झौतामा हस्ताक्षर गरेका थिए। यस सम्झौताले उत्तर कोरिया र रूसबीच भविष्यमा सहयोग र सहकार्यलाई थप विस्तार गर्ने सङ्केत दिएको छ। यतिबेला रूस र उत्तर कोरियाका सञ्चारमाध्यमहरूले दुई देशबीचको रक्षा सम्बन्धलाई बढी महत्त्व दिएर समाचार सामग्रीहरू प्रकाशन गरिरहेका छन्। उत्तर कोरियाले हालै युरेनियम सुविधाका तस्बिरहरू सार्वजनिक गर्दै आत्मरक्षाका लागि आणविक हतियारको उत्पादन बढाउने कुरा पनि गरेको छ। यसलाई अमेरिका र दक्षिण कोरियालगायतका राष्ट्रहरूले रूसको युद्धका लागि सैन्य सामग्री आपूर्तिका लागि उत्तरको चाल भनेका छन्।**

**रूस, उत्तर कोरियाको प्रमुख सहयोगी राष्ट्रहरूमध्ये एक हो। सन् २०२२ मा युक्रेनी युद्ध शुरू भएपछि पश्चिमसँगको रूसी सम्बन्ध बिग्रिएको छ। यी सबै कुराले के सङ्केत गरेको छ भने रूस–युक्रेन युद्ध छिटो टुङ्गिएन र कुनै कारणवश युक्रेनको जीत जस्तो देखिने अवस्था रह्यो भने रूसले युद्ध छोड्दैन। त्यति बेला उसलाई थप हतियार अपरिहार्य छ। यो अवस्थामा जुनसुकै विघ्न–बाधाको सामना गरेर भएपनि उत्तर कोरिया र रूसबीच हतियार तथा सैन्य सहयोग घोषितरूपमा नै आदानप्रदान हुने सम्भावना छ। 'मरता क्या नहीं करता'को अवस्थामा रूस पुगेको यसमा दुईमत छैन। पश्चिमा मुलुकहरूले युक्रेनलाई हतियार दिएर युक्रेनमार्फत आफूहरू लडिरहेका छन् भन्ने बुझाइ रूस र उत्तरको छ। यसमा रूस कथं तल परेछ भने उत्तर कोरियाको लागि ठूलो झटका हुनेछ। यसो भएमा उत्तरमाथि पश्चिमाहरूले सिकन्जा झन् साँघुरो बनाउँदै जानेछन्। यसर्थ पनि उत्तरले खुलेर रूसलाई सहयोग गर्नुपर्ने बाध्यता आउन सक्छ।**

**उत्तर कोरियाले रूसलाई अधिक हतियार आपूर्ति गर्दा रूसको सैन्य क्षमतामा वृद्धि हुन सक्छ, जसले युक्रेनी युद्धमा रूसको प्रभावकारिता बढाउन मदत पुग्नेछ। यसले उत्तर कोरियाले आफ्नो हतियारहरूको बजार विस्तार गर्ने मौका पनि पाउँछ। त्यसो भएमा उत्तर कोरिया र रूसमाथि थप आर्थिक वा राजनीतिक प्रतिबन्धहरू लाग्न सक्छन्। यदि रूसले उत्तर कोरियाबाट अत्याधुनिक वा अत्यधिक प्रभावकारी हतियार प्राप्त गर्छ भने, यसले युक्रेन र नेटो राष्ट्रहरूको सैन्य रणनीतिमा महत्त्वपूर्ण चुनौती सिर्जना गर्छ। युक्रेन र नेटो राष्ट्रहरूले रूसको नयाँ हतियारहरूको सामना गर्न थप सैन्य आपूर्ति र आर्थिक सहयोग गर्नुपर्ने हुन सक्छ, जसले तिनीहरूको बजेटमा थप बोझ थप्छ। खुल्ला हतियार आदानप्रदानले ग्लोबल सुरक्षा वातावरणमा अनिश्चितता र अस्थिरता वृद्धि गर्छ। यसले ठूला द्वन्द्व र सङ्घर्षहरूको सम्भावनालाई अझ बढाउन सक्छ, जसले विश्वभरका राष्ट्रहरूलाई जोखिममा पार्न सक्छ। यसर्थ रूस–युक्रेन युद्धबाट कसैले केही जित्न सक्ने होइन, विश्वलाई खतरा मात्रै पैदा गर्छ। तसर्थ शान्तिपूर्ण कूटनीतिक माध्यमबाट समस्या समाधान गर्नेतर्फ विश्वको ध्यान जानुपर्छ।**

# सफलताका लागि पढ्ने बानी बसालौं

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विद्यार्थीहरूप्राय: के भन्ने गर्छन् भने 'आज पढ्ने मूड छैन'। म तपाईंसँग एउटा प्रश्न के सोध्न चाहन्छु भने यदि तपाईंलाई कुनै बौलाहा कुकुरले टोक्न खोज्दैछ भने के भन्नुहुन्छ–"यार आज दगुर्ने मूड नै छैन।" यस कारण यस्ता शब्दहरू बहाना मात्र हुन्।**

जुन काम हामी पटकपटक गर्छौं त्यो हाम्रो बानीमा परिणत हुन्छ। कुनै पनि कुराको शुरूआत एउटा विचारले हुन्छ र त्यो विचारले नै कार्यको रूप ग्रहण गर्दछ। त्यस कार्यलाई पटकपटक गरिरहँदा त्यो नै हाम्रो बानी बन्छ। बानी राम्रो र नराम्रो दुवै खाले हुन्छ। यदि हामी परीक्षामा सफलता हासिल गर्न चाहन्छौ भने पढ्ने बानी बसाल्नुपर्छ। विद्यार्थीहरूका लागि राम्रो बन्ने र राम्रो ग्रेड हासिल गर्ने पहिलो खुड्किलो राम्ररी पढनु नै हो। परीक्षाको तयारी गर्दा विषयगत कुराहरूलाई राम्ररी अध्ययन गर्ने हाम्रो लक्ष्य भएको हुनाले पनि पढ्नु धेरै आवश्यक छ। दुर्भाग्यवश धेरै विद्यार्थीहरूमा पढने बानीको अभाव मैले पाएको छु। यस कारण यस आलेख मार्फत पढ्ने कलामाथि मात्र छलफल गर्न खोजिएको छ।

धेरै मानिस अखबार पढदैनन्। केहीले मुख्य खबर र राम्रा फोटाहरू मात्र हेरेर अखबार थन्काउँछन्। युवाहरूले खेलको पाना, व्यापारीहरूले विज्ञापन, पारिवारिक सदस्यहरूले शनिवारको अङ्क हेर्छन् किनभने त्यसमा सबैका लागि केही न केही कुरा छापिएको हुन्छ। त्यस मध्ये पनि धेरैले पत्रिका किन्दैनन्। धेरैले त मागेर पत्रिका पढ्छन्। थोरैले पत्रिका किनेर पढेको मैले पाएको छु। कैयौं विद्यार्थी त कोर्सको किताब पनि किन्दैनन् वा साथीहरूसँग मागेर पढ्छन् भने धेरैले गेस पेपरबाट नै काम चलाउछन् तर त्यो पनि परीक्षाको बेला। विद्यार्थीहरूले के बिर्सनुहुन्न भने अखबार सामाजिक शिक्षालगायत अन्य विषयका लागि पनि बहुमूल्य स्रोत हो।

नयाँ ज्ञान र त्यसको प्रयोगमाथि नै विद्यार्थीहरूको प्रगति निर्भर गर्दछ। किताबबाहेक बढी ज्ञान हासिल गर्ने अर्को कुनै साधन छैन। यस कारण यदि तपाईं जीवनमा पछाडि पर्न चाहनुहुन्न भने पढ्ने बानी बसाल्नु नितान्त आवश्यक छ। ज्ञानको कुनै सीमा हुँदैन। तपाईंसँग जति ज्ञान भए पनि तपाईं त्यसलाई अझ प्राप्त गर्न खोज्नुहुन्छ किनभने ज्ञानको अपहरण वा चोरी हुँदैन।

यदि तपाईं पढन रुचाउनुहुन्न भने तपाईं केही पनि सिक्न सक्नुहुन्न। यदि तपाईं सिक्नुहुन्न भने परीक्षामा राम्रो ग्रेड प्राप्त गर्न सक्नुहुन्न। तपाईंको क्षमताको सोझो सम्बन्ध विषयगत रुचिसँग जोडिएको हुन्छ। यदि विषयमैं रुचि छैन भने पढाइमा पनि आनन्द प्राप्त हुँदैन। यस कारण विषयगत रुचि आवश्यक छ किनभने यसले पढ्नको लागि तपाईंलाई प्रेरित गर्दछ। माध्यमिक तहसम्म विभिन्न विषयको अध्ययन गर्नुपर्दछ। यस कारण पनि सबै विषयमा रुचि बसाउनु आवश्यक छ। तपाईंको मनले रुचाएको विषयमा राम्रो गर्नुहोस् तर अन्य विषयमा पनि पास हुन जरुरी छ। यसो भएन भने सारा मिहिनेत खेर जान्छ र यदि यसो भयो भने क्याम्पस पुग्दा पढाइप्रति रुचिमा कमी आउँदैन।

पढाइको लागि सुविधाजनक ठाउँले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ तर नेपाली परिवेशमा धेरैजसो विद्यार्थीसँग पढ्ने छुट्टै कोठा वा राम्रो फर्निचर न पनि हुनसक्छ। तर त्यस्तो ठाउँ अवश्य हुन्छ, जहाँ बसेर पढ्दा तपाईंलाई सजिलो लाग्छ तर सुतेर पढ्नुलाई सुविधाजनक ठान्ने गल्ती गर्नुहुन्न। धेरैजसो विद्यार्थी बिछौनामा सुतेर, सोफामा बसेर, पर्खालमा अडेस लगाएर पढ्छन् भने यसमा कुनै आश्चर्यको कुरो छैन कि जति राम्रो उनीहरू गर्न सक्छन् त्यति गरिरहेका छैनन्। सुविधाको सम्बन्ध वातावरणसँग हुन्छ। त्यस्तो वातावरण जसले तपाईंलाई पढ्न प्रेरित गर्दछ। पढ्दाखेरी पिठ्यूँ सोझो अर्थात् ढाडको हाड सोझो राखेर पढ्दा पढाइमा एकाग्रता बढ्छ जुन अध्ययनका लागि धेरै आवश्यक तत्त्व हो। पढ्ने ठाउँमा राम्रो प्रकाश हुनु पनि आवश्यक छ किनभने यसले गर्दा आँखा र टाउको दु:खाइको सम्भावना न्यून हुन्छ। प्रकाश पनि किताब वा कापीमा सोझो पर्नुपर्छ किनभने अनुहारमा पर्ने प्रकाशले तपाईंको ध्यान भङ्ग हुने सम्भावना बढी हुन्छ र एकाग्रतामा पनि कमी ल्याउँछ। सही ढङ्गले सिक्न नसक्नुको पछाडि एकाग्रताको कमी नै हो।

पढाइका लागि सही समयतालिका हुनु पनि नितान्त आवश्यक छ। हामीसँग एउटा निश्चित समय तालिका हुनुको अर्थ आफूलाई मानसिकरूपले तयार राख्नु पनि हो। के गर्दा राम्रो र के गर्दा नराम्रो भन्ने कुरालाई समयतालिकाले व्यवस्थित गर्दछ। हाम्रो पारिवारिक परिवेश विविधताले भरिएको हुनाले समय तालिका लचिलो पनि हुनुपर्छ। यस कारण समय तालिकामा पढाइसँगसँगै एउटा खास समय खाली पनि राख्नुपर्दछ।

विद्यालयको समयतालिका तपाईंको नियन्त्रणमा हुँदैन किनभने त्यसलाई विद्यालय प्रशासनले बनाउँछ तर तपाईंको समयतालिका तपाईंले नै निर्माण गर्ने हुँदा तपाईंको क्षमता र योजनामा निर्भर गर्दछ। यस कारण तपाईंले पढ्ने समयलाई सिक्ने अवसरको रूपमा पनि प्रयोग गर्न सक्नुहुन्छ। यदि तपाईं घरमा हुँदा फोन रिसिभ गर्नुहुन्छ वा कोही आउँदा ढोका खोल्ने काम गर्नुहुन्छ भने पढाइको बेला घरका अन्य सदस्यको मदत लिनु बेस हुन्छ।

पढ्दाखेरी विषयलाई राम्ररी बुझ्ने प्रयास गर्नुपर्छ। यदि विषय बुझ्न अप्ठ्यारो भइरहेको छ भने त्यसलाई घोक्नु नै बेस हुन्छ। यदि तपाईंको पढ्ने तरीका सही छ भने कुनै पनि विषय बुझ्न गाह्रो हुँदैन। यस कारण आरामले पढ्नुपर्छ। बिस्तारै विषयलाई आफ्नो मस्तिष्कमा प्रवेश गराउनुपर्छ। यदि तपाईंमा सहनशीलता छैन भने तपाईं कहिल्यै राम्ररी पढ्न सक्नुहुन्न। मनोवैज्ञानिकहरूले के भनेका छन् भने जुन व्यक्तिलाई आफ्नो काममा रुचि हुँदैन ऊ त्यस कामबाट छिट्टै तर्कन थाल्छ। विद्यार्थीहरूप्राय: के भन्ने गर्छन् भने 'आज पढ्ने मूड छैन'। म तपाईंसँग एउटा प्रश्न के सोध्न चाहन्छु भने यदि तपाईंलाई कुनै बौलाहा कुकुरले टोक्न खोज्दैछ भने के भन्नुहुन्छ–"यार आज दगुर्ने मूड नै छैन।" यस कारण यस्ता शब्दहरू बहाना मात्र हुन्। यदि तपाईं परीक्षामा राम्रो ग्रेड प्राप्त गर्न चाहनुहुन्छ भने 'मूड' को प्रतीक्षा गर्नु कत्तिको औचित्यपूर्ण हुन्छ। यस कारण यदि तपाईंमा केही गर्ने, केही पाउने चाहना छ भने मूड बिर्सेर काममा लागिपर्नु नै अति उत्तम हुनेछ।

धेरैजसो अभिभावकहरूले आफ्नो सन्तानलाई खेलभन्दा पनि पढाइमैं बढी ध्यान दिन भन्नुहुन्छ तर मेरो दृष्टिमा यो उचित होइन। पढाइसँगसँगै केही समय खेल वा स्वस्थ मनोरञ्जनमा पनि खर्चिनुपर्छ। भन्न के खोजिएको हो भने पढाइ र मौजमस्तीबीच उचित सन्तुलन हुनुपर्दछ। अभिभावकहरूले कहिलेकाहीं भन्ने गर्नुहुन्छ–"मेरो छोरा वा छोरी त लगातार पाँच घण्टा पढ्छन् तर मनोवैज्ञानिकहरूको भनाइमा यसरी पढ्नु उचित होइन, किनभने एउटा निश्चित समयसम्म पढिसकेपछि अपवादबाहेक उनीहरूको ग्रहणशीलतामा कमी आउन थाल्छ र उनीहरूलाई चाहिएको जति लाभ हासिल हुँदैन।

कुनै पनि एउटा विषय ग्रहण गर्ने क्षमता पैंतालीस वा पचास मिनेटसम्म मात्र रहन्छ। विद्यालय वा क्याम्पसका सबै कक्षाका लागि पनि यतिकै समय निर्धारित गरिएको हुन्छ। यस कारण घरमा पनि कुनै एउटा विषय एक घण्टा मात्र पढ्नुपर्छ तर त्यस विषयमा यदि बढी समयको आवश्यकता छ भने एक वा दुईवटा विषयपछि पुन: पढ्न सकिन्छ। ग्रहणशीलतालाई बढाउनका लागि शिक्षाविद्हरूले SQ3R को फर्मूला दिएका छन्। SQ3R फर्मूला अनुसार सबैभन्दा पहिले जे पढ्न चाहनुहुन्छ त्यसबारे Survey अर्थात् सर्वेक्षण गर्नुहोस्। त्यसपछि यो सिक्न किन आवश्यक छ र कसरी सिक्न सकिन्छ भन्ने Question अर्थात् प्रश्न गर्नुहोस्। तत्पश्चात् त्यस सम्बन्धमा जतिपढ्नुहन्छ बिस्तारै दोहोऱ्याउनु होस्।

सफलता हासिल गर्नका लागि सबैभन्दा पहिलो काम स्वयंलाई अनुशासित गर्नु हो किनभने ब्रह्माण्डले पनि अनुशासनको पालना गर्दछ। एउटा निश्चित तिथिमा मौसम परिवर्तन हुन्छ। समयानुसार पशुपन्छी र रूखबिरुवा पनि यदि अनुशासनमा बस्दैनन् भने तिनीहरू सफल हुँदैनन् वा उनीहरूको राम्ररी विकास हुँदैन। यस कारण लक्ष्य प्राप्त गर्नका लागि उद्देश्यपूर्ण कुरा वा किताब पढ्नु आवश्यक हुन्छ। के र कसरी पढ्ने भन्ने काममा विद्यार्थीहरूले शिक्षकहरूको सल्लाह लिनुपर्छ र शिक्षकहरूले पनि कारणसहित उचित सल्लाह दिनुपर्छ अन्यथा श्रम र पैसाको बर्बादी हुने सम्भावना बढी हुन्छ।

पढ्ने क्षमता विकसित गर्न किताब र पत्रपत्रिकाहरूको अध्ययन आवश्यक हुन्छ। एक समयमा बढीभन्दा बढी किताब पढ्नुहोस्। खासखास शब्द र विचारहरूमाथि ध्यान दिनुहोस्। बेस्सरी कराएर पढ्नुको साटो मनमनै पढ्नुहोस्। अध्ययनको उद्देश्य, परीक्षामा उत्तीर्ण हुनका लागि हो भन्ने समझ विकसित गर्नका लागि हो। यहाँनिर विशेषरूपले सतर्क गराउन चाहन्छु किनभने मैलै परीक्षामा उत्तीर्ण हुन र समझ विकसित गर्ने कुरालाई बेग्लाबेग्लै राखेको छु तर यी दुवै धेरै अर्थमा एकै हुन्। यदि तपाईंले कुनै विषयलाई राम्ररी बुझ्नु भयो भने परीक्षामा राम्रो ग्रेड ल्याउने सम्भावना सुनिश्चित हुन्छ तर केही विषय यस्ता पनि हुन्छन् जसलाई परीक्षाको दृष्टिले भए पनि पढ्नुपर्ने हुन्छ। विषयमाथि प्राथमिकताको क्रम अनुसार ध्यान दिनुहोस्। छिटो पढ्नका लागि औंला र आँखाको प्रयोग गर्नुहोस्। पढ्ने गतिको साथै त्यसलाई बुझ्ने गतिमाथि पनि ध्यान पुऱ्याउनुहोस्। अन्त्यमा के भन्न चाहन्छु भने हामीसँग समय थोरै छ र धेरै कुरो पढ्नु बाँकी रहेको हुनाले सफलताका लागि पढ्ने बानी बसालौं।

# एक हजार ५५४ प्रतिवादी, आठ अर्ब ४० करोडभन्दा बढी माग दाबी

काठमाडौं, ३० भदौ/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक वर्षको अवधिमा एक हजार ५५४ जनालाई प्रतिवादी बनाइ मुद्दा दायर गरेको छ। ती प्रतिवादीविरुद्ध रु आठ अर्ब ४० करोड छ लाख ४९ हजार ४०७ बराबरको बिगो मागदाबी गरिएको छ।

आयोगले आर्थिक वर्ष २०८०/८१ मा विशेष अदालतमा कुल २०१ वटा मुद्दा दर्ता गरेको छ। त्यसमा गैरकानूनी लाभहानिसँग सम्बन्धित ५८, घूससँग सम्बन्धित ४८, नक्कली शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ३४, सार्वजनिक सम्पत्तिको हानि–नोक्सानीसँग सम्बन्धित ३३, राजस्व चुहावटसम्बन्धी १३, गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी ११ र विविध विषयका चारवटा छन्।

राष्ट्रपति कार्यालय, शीतलनिवासमा आइतवार आयोजित विशेष समारोहबीच राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले आयोगको ३४औं वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ पेश गरेका थिए।

आयोगले आफ्नो टङ्गालस्थित कार्यालय एवं आयोग मातहतका कार्यालयहरू इटहरी, बर्दिबास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र कञ्चनपुर तथा बुटवलको सम्पर्क कार्यालय नेपालगंजबाट कार्यसम्पादन गर्दै आइरहेको छ। हाल आयोगमा कुल ९९० कर्मचारीको दरबन्दी रहेको छ। यस्तै, आयोगले ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुसन्धानसम्बन्धी अधिकारसमेत प्रत्यायोजन गरेको प्रतिवेदनमा उल्लेख छ।

आयोगले भ्रष्टाचारसम्बन्धी उजूरीको प्रारम्भिक छानबीन एवं विस्तृत अनुसन्धान तथा भ्रष्टाचार देखिएका उजूरीमाथि विशेष अदालतमा आरोपपत्र दायर गर्ने र सो अदालतबाट भएको फैसलाउपर चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्दै आएको छ।

आव २०८०/८१ मा आयोगमा विभिन्न माध्यमबाट प्राप्त भएका २६ हजार ९१८ उजूरी प्राप्त भएका छन्। अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका नौ हजार २६८ उजूरीसमेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजूरीको सङ्ख्या ३६ हजार १८६ रहेको छ। तीमध्ये ७६ दशमलव ५९ प्रतिशत उजूरी अर्थात् २७ हजार ७१४ उजूरी स्क्रिनिङ तथा प्रारम्भिक छानबीनबाट फछ्र्योट गरिएका छन्।

**सङ्घीय मामिलाको उजूरी सबैभन्दा बढी**

प्राप्त उजूरीमध्ये सबैभन्दा बढी सङ्घीय मामिला (स्थानीय तहसमेत) सँग सम्बन्धित ३८ दशमलव ९१ प्रतिशत छन्। यस्तै, शिक्षा (स्थानीय तहसमेत) १५ दशमलव ७९ प्रतिशत, गैरकानूनी सम्पत्ति आर्जन छ दशमलव ९८, भूमि प्रशासन छ दशमलव ४९, नक्कली शैक्षिक प्रमाणपत्र चार दशमलव ७१, वन तथा वातावरण तीन दशमलव ८२, स्वास्थ्य तथा जनसङ्ख्या तीन दशमलव ६८, भौतिक पूर्वाधार तथा यातायात तीन दशमलव ६१, गृह प्रशासन तीन दशमलव ५२ प्रतिशत र अर्थतर्फ दुई दशमलव १३ प्रतिशत उजूरी छन्।

यस्तै, ऊर्जा, जलस्रोत तथा सिंचाइ दुई दशमलव १०, खानेपानी तथा शहरी विकास एक दशमलव ६१ र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजूरीहरू छ दशमलव ६५ प्रतिशत रहेका छन्। आयोगले कुलमध्ये ९३२ वटा उजूरीमाथि विस्तृत अनुसन्धान गरेको, १३ हजार पाँच सय उजूरी तामेलीमा राखिएको, ४९६ उजूरीउपर सुझाव दिई तामेलीमा र १२ हजार ७८६ उजूरीउपर कानूनबमोजिम अन्य आवश्यक कारबाहीका लागि लेखी पठाइएको जनाएको छ।

आव २०८०/८१ मा एक हजार ५० वटा फाइलको विस्तृत अनुसन्धान सम्पन्न

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# ‘स्पेसएक्स’ फ्लोरिडाको तटमा अवतरण

वाशिङ्टन, २० भदौ/एएफपी

‘स्पेसएक्स पोलारिस डन’ मिसनमा



गएका दुई अन्तरिक्ष यात्रीले निजी अन्तरिक्ष यानबाट पृथ्वीको करीब ७०० किलोमिटर माथि अन्तरिक्षमा पाइला टेकेर (स्पेसवाक गरी) इतिहास रचेपछि फर्केको अन्तरिक्ष यान आइतवार बिहान फ्लोरिडाको सामुद्रिक तटमा अवतरण गरेको छ।

ड्र्यागन अन्तरिक्ष यान स्थानीय समय अनुसार आइतवार बिहान ३:३७ बजे समुद्रमा अवतरण भएको थियो। अवतरणपछि यान र चालक दलको उद्धारका लागि उद्धारकर्ताको टोली तैनाथ गरिएको थियो। यानलाई पानीबाट निकालेको आधा घण्टापछि उद्धारका लागि तैनाथ गरिएको जहाजमा राखी स्टेशनतर्फ लगिएको छ।

चालक दलका सदस्य तथा स्पेसएक्सका इन्जिनीयर अन्ना मेनन यानबाट सबैभन्दा पहिला निस्किएकी थिइन् भने त्यसपछि क्रमशः इन्जिनीयर सारा गिलिस, चालक स्कट पोटेट र कमान्डर जारेड आइज्याकम्यान देखिएका थिए।

वित्तीय प्रविधि (फिनटेक)का अर्बपति आइज्याकम्यानको नेतृत्वमा चार सदस्यीय टोलीले गत मङ्गलवार केनेडी स्पेस सेन्टरबाट अन्तरिक्ष यात्रा तय गरेका थिए। टोली नेता आइज्याकम्यानले ‘स्काइवाकर’ नामक संरचनामा टेकेर पृथ्वीको रोचक दृश्य हेर्दै ‘स्पेसवाक’ गरेका थिए। उनी केही मिनेटपछि फर्किएपछि दोस्रो अन्तरिक्ष यात्री, स्पेसएक्स इन्जिनीयर गिलिसले पनि ‘स्पेसवाक’ गरेका थिए।

नासाका प्रमुख बिल नेल्सनले यो मिसनले व्यावसायिक अन्तरिक्ष उद्योगका लागि ‘ठूलो छलाङ’ भएको साथै स्पेसएक्सका लागि अर्को विजयी उपलब्धि भएको पनि बताए।

वित्तीय प्रविधि फिनटेकका अर्बपति आइज्याकम्यानको नेतृत्वमा गएको चार सदस्यीय टोलीले गत आधा शताब्दीमा खतरनाक भ्यान एलेन विकिरण क्षेत्रमा प्रवेश गर्दै ब्रह्माण्डको गहिराइमा यात्रा गरेको हो।

अपोलो मिसनपछि पृथ्वीबाट मानवले यात्रा गरेको यो अहिलेसम्मकै सबैभन्दा टाढाको अन्तरिक्ष केन्द्रभन्दा तीन गुणा बढी अर्थात् ८७० माइल (१,४०० किलोमिटर) को उचाइमा पुगेको थियो। रासस

# ‘बेबिन्का’ चीनतर्फ मोडिंदै गर्दा जापानी टापुमा पहिरोको चेतावनी

टोकियो, ३० भदौ/एएफपी

एक शक्तिशाली आँधी ‘बेबिन्का’ चीनको पूर्वी समुद्री किनारतर्फ लागेको छ भने यसका कारण दक्षिणी जापानको टापुका बासिन्दालाई आइतवार सम्भावित पहिरोको चेतावनी जारी गरिएको छ।

चक्रवात ‘बेबिन्का’ आइतवार राति जापानको अमामी टापु हुँदै १९८ किलोमिटर प्रतिघण्टाको गतिमा बगिरहेको जापानको मौसम विज्ञान विभाग (जेएमए)ले जनाएको छ।

“अमामी क्षेत्रमा हाल भारी वर्षाका कारण पहिरोको खतरा बढेको छ,” जेएमएले भन्यो।

उक्त आँधी सोमवार बिहान साङ्घाई नजीकै अवतरण हुने पूर्वानुमान गरिएको छ।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनले जापान र अन्य ठाउँमा भारी वर्षाको जोखिम बढाइरहेको छ। गत महीना एक शक्तिशाली आँधीले जापानभरि निम्त्याएको भारी वर्षाका कारण सडक दुर्घटना हुँदा कम्तीमा छजनाको मृत्यु भएको थियो।

सन् २०२१ मा भारी वर्षाका कारण जापानी शहर अटामीमा गएको विनाशकारी पहिरोमा परी २७ जनाको मृत्यु भएको थियो। रासस

# आप नेता केजरीवालले पदबाट राजीनामा दिने

नयाँ दिल्ली, ३० भदौ/एएनआई

दिल्लीका मुख्यमन्त्री तथा आम आदमी पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवालले दुई दिनपछि मुख्यमन्त्री पदबाट राजीनामा दिने आइतवार घोषणा गरेका छन्।

उनले दिल्लीका जनताले आफूलाई ‘इमानदार’ प्रमाणित नगरेसम्म मुख्यमन्त्रीको कुर्सीमा नबस्ने बताएका छन्। यदि जनताले आफूलाई मत दिए भने यो आफ्नो ‘इमानदारिता’को प्रमाणपत्र हुने उनले बताए।

आम आदमी पार्टी (आप)को कार्यालयमा पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै मुख्यमन्त्री केजरीवालले भने, “म दुई दिनपछि मुख्यमन्त्री पदबाट राजीनामा दिन गइरहेको छु। जनताले आफ्नो निर्णय नदिएसम्म म मुख्यमन्त्रीको कुर्सीमा बस्नेछैन। म हरेक घर र गल्लीमा जान्छु तर जनताबाट निर्णय नआएसम्म मुख्यमन्त्रीको कुर्सीमा बस्नेछैन।”

उनले भने, “निर्वाचन केही महीनापछि हुन्छ। यदि तपाईंलाई केजरीवाल इमानदार लाग्छ भने मलाई मत दिनुहोस् र लाग्दैन भने नदिनुहोस्। म चुनावबाट अनुमोदित भएपछि मात्र मुख्यमन्त्रीको रूपमा कार्यभार सम्हाल्नेछु। तपाईंको मत मेरो इमानदारिताको प्रमाण हुनेछ।”

दुई दिन पहिले जेलबाट जमानतमा रिहा भएका मुख्यमन्त्री केजरीवालले भने, “आगामी फेब्रुअरीमा निर्वाचन हुने बताइएको छ। म महाराष्ट्रको चुनावसँगै नोभेम्बरमा चुनाव हुनुपर्ने माग गर्छु।”

“निर्वाचन नहुन्जेलसम्मका लागि पार्टीबाट अर्को कोही मुख्यमन्त्री बन्ने र यसका लागि आगामी दुई वा तीन दिनमा विधायकहरूको बैठक बस्नेछ र बैठकले अर्को मुख्यमन्त्रीको निर्णय गर्नेछ,” उनले भने।

केजरीवालले केन्द्र सरकारले भाजपाले चुनाव हारेका राज्यका मुख्यमन्त्रीविरुद्ध मुद्दा दायर गर्ने सूत्र अपनाएको आरोप पनि लगाए।

उनले राजीनामाबारे आफूमाथि उठाइएको प्रश्नबारे भने, “केजरीवालले जेलबाट किन राजीनामा नदिएको भनेर प्रश्न उठेको छ। म लोकतन्त्र बचाउन चाहन्थें, त्यसैले राजीनामा नदिएको हुँ।” रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सफलता |
| मिथुन | प्रगति | कर्कट | वादविवाद |
| सिंह | यात्रालाभ | कन्या | कडापरिश्रम |
| तुला | ज्ञानोदय | वृश्चिक | उदरपीडा |
| धनु | विजय | मकर | धनलाभ |
| कुम्भ | भाग्योदय | मीन | बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया






**मुस्ताङको खिद्रामा फुलेको फापर:** मुस्ताङको कागबेनी–मुक्तिनाथ सडकबाट देखिएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ मा पर्ने खिद्रा गाउँमा फुलेको फापर। मुक्तिनाथ आसपासका खेतबारीमा यो मौसममा फापर फुलेर रमणीय बनेको छ। तस्बिर: सन्तोष गौतम/रासस

# लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय अझै समस्यामा

काठमाडौं, ३० भदौ/रासस

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले नागरिकता, विवाह,




सम्पत्तिलगायत क्षेत्रमा अहिले पनि विभिन्न समस्या भोग्दै आएका छन्।

मितेरी नेपालले आइतवास आयोजना गरेको ‘लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका सवालहरूको सम्बोधनमा सांसदहरूको भूमिका’ विषयक नीति संवाद कार्यक्रममा उक्त समुदायले आफूहरू नेपालको नागरिक भएपनि अन्य नागरिक जस्तै समान हक नपाएको बताए।

कानून, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदीले नेपालको संविधान २०७२ मा सम्पत्तिको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरे यो समुदायका महिलाको सम्पत्तिमाथि हक नभएकाले पछाडि पर्नुका साथै विभिन्न समस्या भोग्नुपरेको बताइन्। उनले विद्यमान समस्या समाधान गर्न कानूनी क्षेत्रबाट आफूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

सभापति सुवेदीले आफू यो समुदायप्रति गम्भीर तथा संवेदनशील रहेको बताउँदै कानून बनाउने ठाउँबाट आफूले विस्तृतरूपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने प्रतिबद्धता जनाइन्।

महिला तथा सामाजिक मामिला समितिकी सभापति किरणकुमार साहले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले भोगका घटना सुन्दा आफूलाई हृदयविदारक लागेको भन्दै उनीहरूको समस्या समाधानका लागि समितिबाट सबै अध्ययन गरी आवश्यक सहयोग गर्ने बताइन्। यो समुदायका व्यक्ति पनि प्राकृतिकरूपमा जन्मिएका साथै सामाजिक, आर्थिक क्षेत्रमा योगदान पुर्‍याउने भएकाले समाजमा सम्मानपूर्वक र विभेदरहित तरीकाले बाँच्नका लागि राज्यले वातावरण मिलाउनुपर्नेमा उनले जोड दिइन्।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव नवराज सापकोटाले आयोगले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हकअधिकार स्थापित गराइ कार्यान्वयनका लागि सरकारलाई सिफारिश गरेको बताइन्। उनले यस विषयमा आयोगले पुनः सरोकार भएका निकायसँग विस्तृत छलफल गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

मितेरी नेपालकी अध्यक्ष लक्ष्मी घलानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले घरदेखि समाज र राज्यबाट धेरै दुःख झेल्नुपरेको उल्लेख गरिन्। उनले संविधान र कानूनले गरेका व्यवस्थाहरू पनि व्यवहारमा कार्यान्वयन हुन नसक्दा कठिनाइ झेल्नुपरेको भन्दै समस्या समाधान गर्न सांसदहरूको ध्यानाकर्षण गराए।


कार्यक्रममा उक्त समुदायबाट सहभागी भएकाले विवाह दर्ताको व्यवस्था नभएको, बच्चा जन्मिए पनि दर्ता गर्ने व्यवस्था नभएको, धर्मपुत्र वा धर्मपुत्री लिने व्यवस्था नभएको, नागरिकतामा आफ्नो पहिचान अनुसार लिन नपाएकोलगायत समस्या भोग्नुपरेको धारणा राख्दै विद्यमान समस्या समाधानमा सबैले सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए।

**एक हजार ...**

गरी आयोगमा पेश भएकामा कुल ८६ वटा बैठक बसी २०१ वटा मुद्दा दायर गर्ने निर्णय गरिएका थिए। विभिन्न विषयमा एक हजार २९४ वटा निर्णय भएका प्रतिवेदनमा उल्लेख छ।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार प्रतिवादी बनाएकामध्ये सरकारी कर्मचारी ५२०, निर्वाचित जनप्रतिनिधि १०६, मनोनीत पदाधिकारी १४८, राजनीतिक नियुक्ति ३२, लेखापढी व्यवसायी, बिचौलिया, सङ्घसंस्था र अन्य व्यक्तिहरू ७३९ जना छन्।

यस्तै, सरकारी कर्मचारीमध्ये विशिष्ट श्रेणीका छ, सहसचिव वा सो सरहका ३०, उपसचिव ८२, शाखा अधिकृत २०२ र सहायकस्तरका दुई सयजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता घिमिरेले जानकारी दिए।




**मुस्ताङ–डोल्पा जोड्ने सडक:** मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ मा पर्ने साङ्ता क्षेत्रमा निर्माण भएको मुस्ताङदेखि कर्णाली प्रदेशको डोल्पा जोड्ने सडक। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–४ को पाक्लिङदेखि साङ्ता हुँदै डोल्पाको सिमानासम्म ५६ दशमलव पाँच किलोमिटर सडकको मार्ग खुलेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ। तस्बिर: सन्तोष गौतम/रासस

# पत्रकार महासङ्घको विवाद चुलिँदै, केन्द्रीय कार्यालयमा तालाबन्दी

प्रस, वीरगंज, ३० भदौ/

नेपाल पत्रकार महासङ्घको निर्वाचन मिति तोकिएर सदस्यता नामावली सार्वजनिक भएसँगै देशभरका शाखाहरूले आपत्ति जनाएका छन् ।



पछिल्लोपटक असोज ५ गतेका लागि तोकिएको पत्रकार महासङ्घको निर्वाचन भदौ २८ गते अर्को सूचना जारी गर्दै कार्यवाहक अध्यक्ष रमेश विष्टले विज्ञप्तिमार्फत अध्यक्ष विपुल पोखरेलको राजीनामापछि उत्पन्न अन्योलका बीच महासङ्घले निर्वाचनको १२ असोजमा निर्वाचन गर्नेगरी भदौ २९ गते सदस्यता नामावली प्रकाशन गर्ने जनाएका थिए । सोहीअनुरूप हिजो राति नामावली प्रकाशन भएपछि देशभरबाट विरोध शुरू भएको छ ।

प्रेस युनियन आबद्ध जुम्ला शाखाले महासङ्घको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेर धर्ना शुरू गरेको छ । यसैगरी, मधेस प्रदेशका आठ जिल्लामध्ये सात र देशभरका ३२ शाखाले नयाँ सदस्यता तालिका पनि यस अघिभन्दा बढी विवादित रहेको र अनियमित तरीकाबाट भद्रगोल गर्नेगरी जिल्ला, प्रदेश र केन्द्रमा समेत आवेदन नपरेकाहरूलाई हचुवाको भरमा पुरानो सदस्य भनेर नवीकरण गरिएको र नयाँ सदस्यता दिएको भन्दै विरोध व्यक्तव्य प्रकाशित गरेका छन् । यससम्बन्धी विरोधको क्रम बढिरहेको नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी बताउँछन्। उनी पनि आइतवार विरोधका लागि काठमाडौं पुगेको बताए।

पर्सा शाखामा यस अघि नै तीनवटा संस्थाले सदस्यता विवाद उठाएर तालाबन्दी गरेका थिए । यता बारा जिल्लामा पनि प्रेस चौतारीले आज सदस्यता विवाद देखाउँदै तालाबन्दी गरेको छ ।


## सर्पको टोकाइबाट बचौं

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्च लाइटको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं,

**यदि सर्पले टोकमा नजीकको सर्पदंश केन्द्र वा अस्पतालमा लैजाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## भाटभटेनीलाई १० हजार जरिवाना

प्रस, वीरगंज, ३० भदौ/

वीरगंज महानगरको बजार अनुगमन टोलीको नेतृत्वमा आइतवार वीरगंजको भाटभटेनी सुपर मार्केटमा छापामारी भएको छ ।

सो सुपर मार्केटमा छापामारीको क्रममा म्याद गुज्रिएका खाद्यान्न सामग्रीहरू बरामद भएको महानगर बजार अनुगमन समितिका विपिनलाल दासले बताए ।

उनले समितिको नयाँ कार्यविधिमा



१५ हजारसम्म जरिवानाको व्यवस्था भएकोले आज भाटभटेनीलाई १० हजार जरिवाना गरिएको बताए । छापामारीमा जिल्ला प्रशासन, वाणिज्य र वीरगंज उद्योग वाणिज्य सङ्घका प्रतिनिधि सहभागी थिए ।

वीरगंजका बजारहरूमा छापामारी गर्दा साना पसललेहरूलाई गरिने जरिवानाभन्दा पनि निकै कम गरेको भन्दै आलोचना भइरहेको छ । वाणिज्य कार्यालयले यसै विषयमा तीन लाखसम्म र जिल्ला प्रशासनले दश लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ ।

तर महानगरको जिम्मा लगाएर उन्मुक्त दिने काम भएको एकथरीको आरोप छ । छापामारी हुनासाथ विभिन्न शक्ति केन्द्रहरूबाट फोन आएको छापमारीमा संलग्न एकजना कर्मचारीले बताए ।

## मानवसेवा आश्रमलाई खाद्यान्न सहयोग

वीरगंज, ३० भदौ/

वर्ल्डलिङ्क कम्युनिकेशन लिमिटेड वीरगंजले २९औं वार्षिकोत्सवको अवसरमा सामाजिक उत्तरदायित्व वहन गर्दै मानव सेवा आश्रम वीरगंजमा खाद्यान्न सहयोग गरेको छ ।

आश्रमका आश्रितहरूका लागि चामल, चनाका दाल, ग्लुकोज, कपालको



तेल, मास्क, र स्याम्पुलगायतका सामग्रीहरू सहयोग गरिएको थियो । आश्रमका प्रतिनिधिहरूले वर्ल्डलिंक कम्युनिकेशनको सहयोगप्रति आभार व्यक्त गरेका थिए ।

वर्ल्डलिङ्क कम्युनिकेशनले स्थापनाकालदेखि सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै आएको र यस प्रकारका गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको थियो ।

# खेलकूदको संसार

## पलेसालाई गण्डकी सरकार र पोखरा महानगरको सम्मान




कास्की ३० भदौ/रासस

पारा ओलम्पिक २०२४ मा नेपाललाई ऐतिहासिक पदक दिलाएकी तेक्वान्दो खेलाडी पलेसा गोवर्धनलाई आज पोखरामा नगदसहित सम्मान गरिएको छ ।

नेपाल तेक्वान्दो सङ्घले आज पोखरा रङ्गशालामा आयोजना गरेको सम्मान कार्यक्रममा गण्डकी प्रदेश सरकारले पलेसालाई रु एक लाख ५० हजार, पोखरा महानगरपालिकाले रु दुई लाख २२ हजार २२२ तथा नेपाल तेक्वान्दो सङ्घ कास्कीले रु ५० हजार पाँच सय र सम्मानपत्रबाट सम्मान गरेको छ ।

गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सामाजिक विकास युवा तथा खेलकूदमन्त्री विन्दुकुमार थापा र पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सो सम्मान प्रदान गरेकाका हुन् ।

नेपाललाई पारा ओलम्पिकमा ऐतिहासिक पदक दिलाएकी गोवर्धनले तेक्वान्दोको ५७ केजीभन्दा कम तौलको प्रतिस्पर्धामा सर्वियाली खेलाडीलाई पराजित गरी कांस्य पदक जितेकी थिइन् ।

पलेसा ओलम्पिक प्रतिस्पर्धामा पदक जित्ने पहिलो नेपाली खेलाडीसमेत हुन् । सन् २०२१ को एशिया युथ पारा गेम्समा स्वर्ण जितेकी पलेसा सन् २०१० देखि तेक्वान्दो खेल्न सुरू गरेकी हुन् ।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले पलेशालाई गण्डकी प्रदेश सरकारले मासिक भत्ता उपलब्ध गराउने घोषणा गरे । उनले भने, "प्रदेश सरकारले गण्डकी प्रदेशका ओलम्पियनहरूलाई गत वर्षबाट मासिक भत्तासहित सम्मानको कार्यक्रमलाई अघि बढाएको छ । पलेशा नेपाली खेलकूदमा इतिहास रच्ने खेलाडी भएको नाताले गण्डकी प्रदेशको खेलाडी नभए पनि उनलाई मासिक भत्ता उपलब्ध गराउने घोषणा गर्छु ।"

गण्डकी प्रदेश सरकारका सामाजिक विकास युवा तथा खेलकूदमन्त्री बिन्दुकुमार थापाले पलेशाको ऐतिहासिक उपलब्धिले खेल क्षेत्रमा नयाँ सञ्चार गरेको बताए ।

पोखरा महानगरका प्रमुख आचार्यले महानगर राष्ट्रको गहनाका रूपमा रहेका खेलाडीहरूको साथमा रहेको बताए । उनले भने, "नेपालले लामो समयदेखि ओलम्पिक गेम्समा सहभागिता जनाउँदै आएको छ तर अहिलेसम्म पदक तालिकामा नेपालको नाम चढेको थिएन, पलेसाले त्यसको अभावलाई सम्बोधन गर्ने स्थानमा पुर्‍याएकी छिन्, यो सिङ्गो मुलुकका लागि गर्वको विषय हो । पलेसालगायत खेलाडीहरूको प्रोत्साहन र हौसलाका लागि महानगर सधैं साथमा छ ।"

प्रमुख आचार्यले भविष्यमा हुने कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालका खेलाडीहरूको प्रेरणाको स्रोतको रूपमा पलेशाको सफलता महत्त्वपूर्ण हुने बताए ।

## प्रधानसेनापति ट्रफी शुरू

काठमाडौं, ३० भदौ/रासस

नेपाली सेनाद्वारा वार्षिकरूपमा सञ्चालन हुने यस वर्षको प्रधानसेनापति ट्रफी २०८१ शुरू भएको छ । सैनिक मुख्यालय परिसरको खेलमैदानमा आइतवार प्रधानसेनापति अशोकराज सिग्देलले प्रतियोगिताको औपचारिक शुभारम्भ गरे ।

आगामी असोजसम्म सञ्चालन हुने प्रतियोगितामा आठ विधामा प्रतिस्पर्धा हुनेछ । जुडीलगायत उपत्यकाका विभिन्न वाहिनी, गण, तालिम केन्द्र, पृतनामा फूटबल, भलिबल, बास्केटबल, एथ्लेटिक्स, बक्सिङ, तेक्वान्दो, पौडी र जुडो खेल सञ्चालन हुनेछन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले नेपाली सेनाले विसं २०६५ देखि प्रत्येक वर्ष प्रतियोगिता सञ्चालन गर्दै आएको छ । खेलको माध्यमबाट मित्रताको अवधारणा अनुसार सैनिक–नागरिक सम्बन्ध प्रगाढ तुल्याउने प्रतियोगिताको लक्ष्य रहेको छ ।

यसैबीच, प्रतियोगिताको उद्घाटनका अवसरमा पुरुषतर्फ एक हजार पाँच सय मिटर दौडमा रामचन्द्र बानियाँ र महिलातर्फ एञ्जिला कार्की प्रथम भएका छन् । कार्यक्रममा खेलाडीबाट विभिन्न खेल कौशल प्रदर्शन गरिएको थियो ।

## १०औं राष्ट्रिय खेलकूद निर्धारित समयमैं हुन्छ –मन्त्री चौधरी

प्रस, वीरगंज, ३० भदौ/

युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीले कर्णाली प्रदेशमा हुने १०औं राष्ट्रिय खेलकूद प्रतियोगिता निर्धारित समयमैं हुने बताएका छन् । शनिवार काठमाडौंमा आयोजित अन्तर्क्रिया कार्यक्रममा मन्त्री चौधरीले १०औं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी मङ्सिर २ देखि ९ सम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने घोषित समयमा हुने बताए । उनले १०औं राष्ट्रिय खेलकूदका लागि सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–८ मा बन्दै गरेको रङ्गशाला निर्माणको काम अन्तिम चरणमा पुगेको बताए ।

मन्त्री चौधरीले भने– पहिलोपल्ट कर्णाली प्रदेशको आफ्नै लगानीमा सुर्खेतमा रङ्गशाला निर्माण हुँदैछ । कर्णाली प्रदेशका मुख्यमन्त्री, खेलकूद मन्त्री सबैको जोश–जाँगर छ र सङ्घीय सरकारले ६० करोड रुपैयाँ बजेट छुट्याएको छ । १०औं राष्ट्रिय खेलकूदको गतिविधि अब व्यापकरूपमा सुरुआत हुन्छ ।




रङ्गशालाको भौतिक पूर्वाधार विकासका विषयमा केही दिन अघि आफैंले सम्पर्क गरेर बुझेको बताउँदै उनले दशैंअगाडि भौतिक पूर्वाधार व्यवस्थापनको सबै काम सकिने बताए ।

१०औं राष्ट्रिय खेलकूद प्रतियोगिताको समापनमैं ११औं राष्ट्रिय खेलकूल मधेस प्रदेशमा हुने घोषणा गरिने बताए ।

१०औं राष्ट्रिय खेलकूद प्रतियोगितामा ३६ वटा खेल समावेश गरिएको उनले बताए । मन्त्री चौधरीका अनुसार २२ देखि २४ वटा खेल सुर्खेतमा हुनेछन् । बाँकी खेल नेपालगंज वा काठमाडौंमा हुने मन्त्री चौधरीले बताए ।

मन्त्री चौधरीले खेलकूदका क्षेत्रमा सरकारले सबैभन्दा कम बजेट विनियोजन गर्ने गरेकाले सोचेअनुरूपको काम गर्न नसकिएको गुनासो गरे । अहिले केन्द्र सरकारको २१ वटा मन्त्रालयमध्ये खेलकुद मन्त्रालयमै सबैभन्दा कम बजेट रहेको उनले दुःखेसो पोखे । खेलकूदमा सबैभन्दा कम बजेट विनियोजन हुन्छ, त्यस कारण तालीम सञ्चालन गर्न, खेलाडीलाई तलब दिन सजिलो नभएकाले विभिन्न सङ्घहरूले आफ्नै किसिमको तलब निर्धारण गरेर दिइराखेको उनले बताए ।

मन्त्री चौधरीले मूलपानीमा रहेको अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको डिपिआर तयार भइसकेको र बहुवर्षीय योजनाका लागि राष्ट्रिय योजना आयोगमा यही हप्ता पेश हुने बताए । सरकारले रकमको सुनिश्चितता गरिसकेपछि कार्यक्रम शुरू हुने उनको भनाइ थियो ।

यो सरकारको पहिलो निर्णय कीर्तिपुर रङ्गशाला तीन सय दिनमा तयारी गर्ने पहिलो निर्णय गरेको बताउँदै उनले त्यसका लागि २० करोड रुपैयाँ छुट्याइएको बताए । उक्त कामको टेन्डर गर्न बाँकी रहेको उनले बताए ।